जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरू

जि.प्र.का.महोत्तरी द.नं. ४३/०७०/७१
जि.महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday@gmail.com

बर्ष ११ • अंक ४५ • २०८० मंसिर २२ गते शुक्रवार • 8 Dec. 2023 • पृष्ठ ४ • मुल्य रु.५/-

## जनकपुरधाममा अनुगमन गर्न थाले पछि अवैध औषधि पसलेको भागाभाग

**गणेश कुमार सिंह**
**धनुषा, २१ मंसिर**

मधेशको राजधानी जनकपुरधाममा औषधि व्यवस्था विभागले अनुगमन थालेपछि अवैध औषधि पसल सञ्चालकले पसल बन्द गरेका छन्। विभागको शाखा कार्यालय वीरगञ्जका अधिकृत मुकेन्द्र पञ्जियार नेतृत्वमा आएको टोलीले गत मंगलबारदेखि औषधि पसल तथा फार्मेसीको अनुगमन गरिरहेको छ। सो क्रममा दर्ता बिनै सञ्चालित



अधिकांश औषधि पसल सञ्चालक पसल बन्द गरी भागेको विभागको वीरगञ्ज शाखाका फार्मेसी अधिकृत

बाँकी पृष्ठ २

## विराटनगरमा भएको आगलागीमा ज्यान गुमाउनेको संख्या ३ पुग्यो

**जलेश्वरटुडे समाचारदाता**
**मोरङ, २१ मंसिर**

मोरङको विराटनगर महानगर पालिका-७ मा रहेको कबाडी पसलमा आगलागी हुँदा ज्यान गुमाउनेको सङ्ख्या ३ पुगेको छ। हिजो बुधवार दिउँसो भएको आगलागीमा घाइते भएकी विर टनगर-६ की ६४ वर्षीय सुनिता कामतको उपचारका क्रममा काठमाण्डौको कीर्तिपुरमा रहेको वर्न अस्पतालमा आज बिहीवार ज्यान गएको हो। यसअघि हिजो स्थानीय ४० वर्षीय दीपक मण्डल, ५५ वर्षीया सुशीला पासवानको



ज्यान गएको थियो। आगलागीमा घाइते भएका तीन जना विराटनगर-६ का ५८ वर्षीय किशोर पासवान, ६० वर्षीया रिता सरदार र कटहरी गाउँपालिका-६ की ३० वर्षीया पिङ्की कामतको कीर्तिपुरमा उपचार भइरहेको छ। आगलागीबाट झन्डै ४० लाख रुपैयाँ बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

## महोत्तरीको मनरासिश्वा नगरपालिकाले विपन्न परिवारका छोराछोरीको सामूहिक विवाह गरि दिने

**रासस**
**महोत्तरी, २१ मंसिर**

महोत्तरीको मनरा शिसवा नगर पालिकाले नगरक्षेत्रभित्रका आर्थिक अवस्था कमजोर भएका तथा विपन्न परिवारका छोराछोरीको सामूहिक विवाह गरिदिने भएको छ। नगरभित्र अधिकांश नागरिकको आर्थिक अवस्था कमजोर भएकाले उनीहरुका छोराछोरीको निःशुल्क सामूहिक विवाह गरिदिने पालिका कार्यालयले जनाएको छ। नगर प्रमुख मोहन पाण्डेयले



आफ्नो नगरक्षेत्रभित्र गरिब तथा विपन्न परिवारको बाहुल्यता बढी रहेकाले उनीहरुका छोराछोरीको विवाह लाग्ने खर्च नगरपालिकाले दिने गरी 'सामूहिक विवाह'को योजना ल्याइएको

बाँकी पृष्ठ २

## सिम्रौनगढका सम्पूर्ण सामुदायिक विद्यालयमा पठनपाठन ठप्प, १५ हजार विद्यार्थी प्रभावित

**शारदा पोखरेल**
**बारा, २१ मंसिर**

जिल्लाको दक्षिणी भेगमा रहेको सिम्रौनगढ नगरपालिकामा सम्पूर्ण सामुदायिक विद्यालयको पठनपाठन ठप्प भएको छ। शिक्षकहरुले ४ देखि १४ महिनासम्मको तलब सुविधा नपाएपछि बिहीबारदेखि नगर पालिकाभित्रका सम्पूर्ण सामुदायिक विद्यालयको पठनपाठन ठप्प भएको हो। यसअघि सेवा सुविधाको माग गर्दै शिक्षक तथा कर्मचारी दुई महिनादेखि नगरपालिकाको मूलगेटमा



धर्ना बस्दै आएका थिए। तर शिक्षकहरुको आन्दोलनलाई नगर पालिकाले चासो नदेखाएपछि

बाँकी पृष्ठ २








जलेश्वरनाथ महादेव 'महालिङ्ग'

# सम्पादकीय ...

## न्याय : देर आए लेकिन दुरुस्त आए

हिन्दीमा एउटा उखान छ देर आए लेकिन दुरुस्त आए । अर्थात सत्य परेशान हुन सक्छ तर अन्त्यमा सत्यको नै जित हुन्छ । आरती साहको हत्या प्रकरणको सम्बन्धमा उनको परिवारहरुले देखाएको शान्तिपूर्ण आन्दोलन र माँगलाई ध्यान दिदै सम्माननीय सर्वोच्च अदालतले आरती साहको आरोपित पति मोतिबाबु साहलाई हिरासतमा राख्न आदेश दिएको छ । यो निर्णयसँगै आरती साहको परिवार लगायत उनका समर्थकहरुको मुहारमा आँशिक खुशी देखिएको थियो । तर अहिले पनि उनको परिवारको शान्तिपूर्ण आन्दोलन जारी छ ।

आरती साहको हत्या प्रकरणको सम्बन्धमा कानुनी उपचार को लागि अनुरोध समयमै उनका परिवारबाट गरिए पनि ढीलो गरी निर्णय आएको छ। यो निर्णय आउन भन्दा पूर्व उनको परिवारले सहेको पिडा तथा दु:खले सम्पूर्ण नेपालीलाई हामी जहाँ भए पनि दुखित बनाएको थियो । हामी बोल्न नसके पनि,हामी उनीहरुलाई केहि सहयोग गर्न नसके पनि उनीहरुको बलिदानको सामु नेपालको कानुन तथा सत्यले मुख मार्न सकेन । आमरण अनसन जस्तो कठोर निर्णय शायद नै कुनै परिवारले अहिलेसम्म लिएको होला र आफ्नो जिवन छँदा नै न्यायको शंकेत पाएको होला । आरती साहको परिवारको भिष्म प्रतिज्ञा जस्तो कठोर प्रण र आत्मविश्वासले नै अहिले यिनीहरुले असत्यलाई घुँडा टेक्न लगाएको छ । वास्तवमा असत्य, अपराध,झुठ र बेइमानीको आयु एकदमै सानो हुन्छ । हामी मानव जाति पनि कति निष्ठुरी भइदिन्छौं र आफ्नै घर परिवारको सदस्यलाई सानो निहुँ वा दहेज लगायतको लालचमा अपराधी बन्न तयार हुन्छौं । हामीलाई थाहा हुन्छ की हामी गलत छौं र यसको प्रतिफल पनि ज्यादै नै डरलाग्दो हुन्छ,तैपनि हामी गलत काम गर्न बाट रुक्दैनौं । आखिर हामी कहिले सम्म अपराधलाई बढावा दिने त ? त्यसकारण ढीलो भए पनि सत्यको जित र असत्यको नराम्रो हार हुने भएकोले अपराधी नबनौं । आशा छ उनको अन्य अपराधीहरु छिट्टै नै समातिने छ ।

### जनकपुरधाममा ......

सर्फराज अहमद खानले बताए । उनका अनुसार हस्पिटलको फार्मेसी, हलसेल फार्मेसी र औषधि पसल गरी ६५ वटामा अनुगमन गरिएको छ। जसमा अधिकांश अस्पतालहरुमा आफ्नो फार्मेसी नभएको र सटर भाडामा दिएर बाहिरका व्यक्तिले सञ्चालन गरको पाइएको छ। दर्ता भएका केही औषधि पसलमा फर्मासिस्ट नभएको र उपस्थित व्यक्तिले विभिन्न कामले उनीहरु बाहिर रहेको बताएका छन्। उनीहरूलाई फर्मासिस्ट आफैं बस्नु पर्ने अथवा अनुपस्थित भएमा बन्द गर्न सुझाव दिएको उनले बताए। बिगतमा पनि अनुगमनमा आउँदा अवैध औषधि पसल सञ्चालक बन्द गरेर भाग्ने गरेको टोलीको भनाइ छ।

### महोत्तरीको ......

बताए। नेपाल सरकारले विवाह गर्न मान्यता दिएको उमेर (२० वर्ष) पुगेका, आर्थिक अवस्था कमजोर भएका परिवारका छोराछोरीलाई नगर पालिकाले नि:शुल्क रुपमा विवाह गरि दिन उनको भनाइ थियो । मनरा शिसवा नगरपालिकाले ११औं नगरसभाबाट नगरक्षेत्रका इच्छुक, उमेर पुगेका, गरिब तथा विपन्न परिवारका बरबधुलाई सामूहिक विवाह सम्बन्धी योजना नै पारित गरेको नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत माधवेन्द्र चौधरीले जानकारी दिए। मङ्सिर महिनाभित्र नगरपालिकाको प्रत्येक (१० वटै) वडामा विवाह गर्न इच्छुक परिवारलाई वडा कार्यालय वा नगरपालिकाको सामाजिक विकास शाखामा निवेदन दर्ता गराउन अभियान चलाइएको चौधरीले बताए। निवेदन दर्ता भइसकेपछि पालिकाले विवाहको मिति तोकेर एक्कैचोटी एउटै मण्डपमा सबै दुलाहादुलहीको विवाह गरिदिने कार्यक्रम रहेको उनले जानकारी दिए।

तराई-मधेशमा दाईजो प्रथाले जरो गाडेकाले न्यून आय भएका, आर्थिक रुपमा कमजोर, तथा विपन्न परिवार ले छोराछोरीको विवाह गर्न सक्षम नभएको गुनासो आएपछि पालिकाको नगरसभा बैठकबाट सामूहिक विवाहसम्बन्धी योजना पारित गरिएको प्रमुख पाण्डेयको भनाइ थियो। उनका अनुसार यस विवाहमा नगरपालिकाले सबै दुलाहादुलही जोडीलाई एकरएक जोड लुगा, दुलहीलाई चुरा, पोते, शृङ्गारका आवश्यक सामान र जन्तीलाई भोजभतेर तथा बासको व्यवस्था मिलाउने कार्यक्रम रहेको छ। नगरपालिकाले विवाह गर्ने दुलही (केटी) अनिवार्य रुपमा यही नगर पालिका क्षेत्रभित्रको हुनुपर्ने शर्त राखिएको जनाउँदै विशेष गरी नगर क्षेत्रभित्रका केटीलाई लक्षित गरी यो कार्यक्रममा ल्याइएको नगर प्रमुख पाण्डेयले बताए। उनले पहिलो पटक नगरले यस्तो कार्यक्रम ल्याएको भन्दै यसले सकारात्मक सन्देश दिए प्रत्येक वर्ष यस कार्यक्रमलाई निरन्तरता दिइने बताए।

### सर्लाहीको हरिवनमा ......

सदस्यहरु लगायतको उपस्थिति रहेको ग्रामिण स्वयंसेवक समाज हरिवनका अध्यक्ष दधिराम पौडेलले जानकारी दिनुभयो।

यस अघि हरिवन नगरपालिकामा संचालित कृषि वन कार्यक्रममा दुई सय घर घर परिवार लाभान्वित भएका थिए। ग्रामिण स्वयंसेवक समाजको आयोजना युएनडिपी नेपालको आर्थिक सहयोग हरिवन नगरपालिकाको साझेदारीमा यसअघि संचालित कृषि वन कार्यक्रममा हरिवनका २५ विघामध्ये झण्डै करिब २० विघामा विभिन्न कृषक समूहहरु बनाई सामुहिक तरकारी खेती भइरहेको छ। हरिवन नगरपालिकाले उपलब्ध गरएको खाली, पर्ती, ऐलानी, खेर गईरहेका सामुदायिक वन क्षेत्र तथा नदी उकासमा गरिएको कृषि खेतीबाट नगरपालिका ३ का ६६ घर परिवार, हरिवन नगरपालिका ४ का ४८ घर परिवार र हरिवन नगरपालिका ५ का ८६ घर परिवार गरी करिब २ सय विपन्न परिवार प्रत्यक्ष लाभान्वित भएको युएनडिपी पोग्राम कोडिनेटर कृतिका आर्चायले बताउनुभयो।

### सिम्रौनगढका ......

पठनपाठन ठप्प पार्नुपरेको नेपाल शिक्षक संघ नगर कार्यसमितिका अध्यक्ष उमाशंकर यादवले जनाएका छन्। उनले स्थायी शिक्षकहरुले दसैं भत्तासहित चालु आर्थिक वर्षको ४ महिनाको र करार, ज्यालादारी तथा नगर शिक्षकहरुले १४ महिनादेखि सेवा सुविधा नपाएका गुनासो गरे। 'हामीलाई दैनिक गुजारा चलाउन समेत धौधौ छ, पसलेहरुले रासनपानी उधारो पत्याउँदैनन्, विद्यालयमा बालबालिकाहरुको दिवा खाजा कार्यक्रम समेत २ महिनादेखि रोकिएको छ,' उनले भने । शिक्षकहरुको आन्दोलनले विद्यालय बन्द हुँदा १५ हजारभन्दा बढी विद्यार्थीको पठनपाठन प्रभावित भएको छ। सिम्रौनगढ नगरपालिकाभित्र ३२ वटा सामुदायिक विद्यालयमा बालविकास, अस्थायी करार, नगर शिक्षक, विद्यालय कर्मचारी र स्थायी शिक्षक गरी १९० जना कार्यरत छन्। तीमध्ये स्थायी शिक्षकले चालु आर्थिक वर्षको पहिलो चौमासिकको तलब, दसैं पेश्की पाएका छैनन् भने अन्यको हकमा गत आर्थिक वर्षको १२ महिना र चालु आर्थिक वर्षको ४ महिनाको सेवा सुविधा बाँकी छ। श्री नेरा आधारभुत विद्यालय अमरपुरका प्रधानाध्यापक बृजकिशोर यादवले नगरप्रमुखको चरम लापरबाहीका कारण शिक्षकहरुले पठनपाठन ठप्प पार्नुपरेको बताए। 'हामीले बाध्य भएर विद्यालय बन्द गरेका हौँ, शिक्षकहरुले काम गरेका छौँ, हाम्रो पैसा चाहियो। के कारणले रोकेको हो, त्यो बोर्डलाई थाहा होला,' उनले भने। चालु आर्थिक वर्षको पहिलो चौमासिक बितिसक्दा पनि नगरपालिकाको खाता सञ्चालनमा आएको छैन। नगरप्रमुख र वडाध्यक्षहरु बिचको आन्तरिक द्वन्द्वका कारण कानुनी रुपमा नगर सभा सम्पन्न भएको छैन।




### तपाईंको टुडे

मेष: मनमा चिन्ता बढने
वृष: परिवारिक सुख प्राप्ति
मिथुन: प्रसंशा मिल्ने
कर्कट: खर्चमा वृद्धि हुने
सिंह: लाभ प्राप्त हुने
कन्या: शत्रुता बढने
तुला: आत्मीयता बढने
वृश्चिक: मिष्ठान भोजन मिल्ने
धनु: पढाईमा रुचि बढने
मकर: नयाँ काम पाइने
कूम्भ: साथीसँ ग भेटघाट हुने
मीन: भक्तीभाव बढने

### मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

### आवश्यक टेलिफोन नम्बरहरु

**जलेश्वर**

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

**जनकपुर**

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# अनुमुला रेवान्थ रेड्डीले लिए तेलंगानाको मुख्यमन्त्रीको शपथ

एजेन्सी
हैदराबाद, २१ मंसिर



अनुमुला रेवान्थ रेड्डीले तेलंगानाको मुख्यमन्त्रीको रूपमा शपथ लिएका छन्। हैदराबादको लालबहादुर शास्त्री स्टेडियममा भएको शपथ ग्रहण समारोहमा उनले मुख्यमन्त्री पदको गोपनियताको सपथ लिएका हुन्। उनीसँगै मल्लु भट्टी विक्रमार्कले उपमुख्यमन्त्रीको शपथ लिए। सो शपथ समारोहमा कांग्रेस नेता सोनिया गान्धी, राहुल गान्धी र पार्टी अध्यक्ष मल्लिकार्जुन खर्गे उपस्थित थिए। तेलंगाना कांग्रेस प्रदेश अध्यक्षको रूपमा उनले विधानसभा चुनावमा कांग्रेसको नेतृत्व गरे र कांग्रेसले बीआरएसलाई हराएर पूर्ण बहुमतका साथ यो चुनाव जित्न सफल भयो। ११९ सिटमध्ये कांग्रेसले ६४ सिट जित्यो भने बीआरएस ३९ सिटमा सीमित भयो। उस्मानिया विश्वविद्यालयबाट स्नातक गरेका रेड्डी त्यसबेला एबीभीपीसँग आबद्ध थिए। पछि उनी चन्द्रबाबु नायडुको तेलुगु देशम पार्टीमा सामेल भए। टीडीपी उम्मेदवारको रूपमा उनले सन् २००९ मा आन्ध्र प्रदेशको कोडंगल विधानसभा सीटबाट चुनाव जितेका थिए। सन् २०१४ मा उनी तेलंगाना विधानसभामा टीडीपीको संसदीय दलका नेता चुनिए। उनी सन् २०१७ मा कांग्रेस प्रवेश गरेका थिए।

# आलु र प्याजमा भ्याट : सिजनमै पाइन छाड्यो आलु

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, २१ मंसिर



काठमाडौं उपत्यकामा सिजनमै आलुको अभाव देखिएको छ। सर कारले आलु र प्याजमा लगाएको मूल्य अभिवृद्धि कर (भ्याट) का कारण व्यापारीले कारोबार ठप्प पारेपछि अभाव देखिएको हो। आलु र प्याजको आपूर्ति हुन नसक्दा कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले मङ्सिर १९ गतेपछि दैनिक मूल्यसूचीमा आलुको मूल्यसमेत राखेको छैन। व्यापारीले नेपाली कृषि उत्पादनलाई भ्याट नलगाइने भनेर सरकारले आश्वासन मात्रै दिएको आरोप लगाएका छन्। अहिले बजारमा आलु र प्याजको आपूर्ति नभएकाले दैनिक मूल्य सूचीमा ती दुई वस्तुको मूल्य समावेश गर्न नसकिएको समितिका सूचना अधिकारी विनय श्रेष्ठले बताए। 'व्यापारीले आलु र प्याज नल्याएपछि हामीले दैनिक मूल्यसूचीमा आलु र प्याजको मूल्य राख्न सकेका छैनौं,' उनले भने। सरोकारवाला निकायसँग छलफल गरिए पनि बजारमा देखिएको आलु र प्याजको अभावलाई समाधान गर्न नसकिएको समितिका कार्यकारी निर्देशक डा. महादेवप्रसाद पौडेलले बताए। 'आन्तरिक राजस्व विभागसँग छलफल गर्दा मौखिक रूपमा भ्याट लाग्दैन, कारोबार गर्नुहोस् भनिएको छ,' पौडेलले भने, 'तर कारोबार गर्दा भ्याटको खोजी भइरहेकाले व्यापारीले कारोबार ठप्प गरेका हुन्।' आलु र प्याजको कारोबार मा अरूले रोक नलगाएर व्यवसायी आफैंले कारोबार बन्द गरेको नेपाल कृषि उपज आलु प्याज आयात निर्यात तथा थोक बिक्रेता संघका महासचिव प्रकाश गजुरेलले बताए।




कामनी व्यूटी पार्लर

यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ। यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी

# 'जिगर' मा एक्सन भूमिकामा देखिँदै आलिया भट्ट

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, २१ मंसिर




कोरोनापछि बलिउडमा एक्सन फिल्मले राम्रो व्यवसाय गरेको छ। पहिले 'पठान', त्यसपछि 'गदर २', 'जवान' र अहिले 'एनिमल' ले पनि राम्रो व्यवसाय गरेको छ। यी सबै फिल्ममा अभिनेताको एक्सन रहेको थियो। अभिनेताको एक्सन सफलतापछि अब फिल्म मेकर अभिनेत्रीको एक्सन फिल्म निर्माणमा जुटेका छन्। नयाँ बर्ष अर्थात २०२४ को सुरुवातमै अभिनेत्री आलिया भट्ट एक्सन फिल्ममा देखिनेछिन्। भट्टले यो वर्ष दुई एक्सन फिल्म दिने चर्चा छ। दुई मध्ये पहिलो फिल्म धर्मा प्रोडक्सनको 'जिगर' रहेको छ, भने दोस्रो यशराजको अनटाइटल प्रोजेट रहेको छ। फिल्म 'जिगर' को विषयमा अहिले केही जानकारी पनि आएको छ। समाचारका अनुसार फिल्ममा आलियाको भूमिका केही पनि रोमान्टिक एङ्गल नभएको बताइन्छ। फिल्ममा उनी आफ्नो भाइको रक्षामा उत्रिनेछिन्। आलियाको भाइको भूमिकामा वेदान्ग रैना रहेका छन्। वेदान्ग यसको अलवा नेटफ्लिक्सको फिल्म 'द आर्चीज' मा देखिनेछन्। फिल्ममा मनोज पाहवाको पनि अभिनय रहनेछ। मनोज आलियाको बुवाको भूमिकामा देखिनेछन्। फिल्मको कथा मर्डर मिस्ट्रीसँग जोडिएर निर्माण भएको बताइछ।


# सन्दीप लामिछाने पाकिस्तान सुपर लिगको 'ड्राफ्ट' मा

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, २१ मंसिर



नेपाली राष्ट्रिय क्रिकेट टोलीका दुई प्रभावशाली सदस्य सन्दीप लामिछाने सन् २०२४ मा आयोजना हुने पाकिस्तान सुपर लिग (पीएसएल) टी–२० क्रिकेट प्रतियोगिताको 'ड्राफ्ट' मा परेका छन्। प्रभावशाली लेग स्पिनर सन्दीपको नाम 'प्लाटिनम समूह' को सूचिमा परेको समाचारमा जनाइएको छ।

'प्लाटिनम समूह' को सूचीमा परेका खेलाडीलाई कुनै टोलीले खरिद गरेमा एक लाख ३० हजार देखि एक लाख ७० हजार अमेरि की डलर पारिश्रमिक पाउने प्रावधान छ। सन्दीप विदेशी खेलाडीका रुपमा पाकिस्तान सुपर लिगको 'ड्राफ्ट' मा परेका हुन्। सन्दीपले यसअघि पनि पाकिस्तान सुपर लिग खेलिसकेका छन्। सन्दीपले यसअघि लाहोर क्वालन्डर्सबाट पाकिस्तान सुपर लिग खेलेका थिए। पाकिस्तान सुपर लिगको अगामी संस्करण सन् २०२४ को फेब्रुअरी १३ देखि मार्च १९ सम्म सञ्चालन हुनेछ। सन्दीपसँगै अस्ट्रेलियाका ड्यानियल साम्स, एस्टन अगर, इङ्ल्यान्डका क्रिस जोर्डन, डेभिड विली, डेविड मलान, टम कुर्रन, न्युजिल्यान्डका जेम्स निसाम, दक्षिण अफ्रिकाका रासी भान डेर डुसेन, इमरान ताहिर, श्रीलंकाका महिस थिकसाना, दासुन सानका, वेस्ट इन्डिजका काइरन पोलार्ड, रोभमन पोवेल, रोमारियो सेफर्ड, ब्रान्डन किङ र कायले मायर्स पनि 'ड्राफ्ट' मा परेका छन्।



# ‘माउन्टेनियरिङ स्टडी’मा युवा आकर्षण

**–राजन समीप**

ओखलढुङ्गा रुम्जाटारका अविश गुरुङ पेसाले हेलिकप्टर पाइलट हुन्। उनले फिलिपिन्सबाट पाइलट ट्रेनिङ पूरा गरेपछि हेलिकप्टर उडाउन सुरु गरेको दुई वर्ष भयो। पाइलट ट्रेनिङले जागिर दिलाए पनि उनको औपचारिक पढाइको रहर भने मेटिएको थिएन। विदेशी पर्यटकलाई लिएर अधिकांश समय हिमालतिर उडिरहने उनले स्नातक तह अध्ययन गर्न उपयुक्त विषयको खोजी गर्ने क्रममा ‘ब्याचलर अफ् माउन्टेनियरिङ स्टडिज’ (बीएमएस)का बारेमा थाहा पाए।

नेपाल माउन्टेन एकेडेमीले पर्वतीय पर्यटनको विकासका लागि आवश्यक जनशक्ति उत्पादन गर्न नेपालमै पहिलोपटक सुरु गरेको बीएमएस कार्यक्रमका उनी दोस्रो ब्याचका विद्यार्थी हुन्। उनी भन्छन्, ‘दुर्गम क्षेत्रमा हेलिकप्टर उडान गर्दा आइपर्ने कठिनाइ सामना गर्न यो विषय पढ्दा सिकेका सीप धेरै काम लाग्छन्। दुर्गममा हेलिकप्टरबाट उद्धार गर्नुपर्ने हुन्छ, त्यस्तो बेला हेलीमा स्ट्रेचर राख्न सम्भव हुन्न तर डोरीबाट स्ट्रेचर बनाएर सजिलै घाइते वा बिरामीको उद्धार गर्न सकिने रहेछ। त्यस्तो सीप मैले यही आएर सिकें।’

पर्वतीय पर्यटनको प्रवर्द्धन र विकास गर्न संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मातहत रहने गरी स्थापना भएको ‘नेपाल माउन्टेन एकेडेमी’ले त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिई २०७४ बाट स्नातक तहमा ‘बीएमएस’ पढाइरहेको छ। हाल अन्य कार्यक्रम समेत थप गरेर स्नातकोत्तर तहमा ‘मास्टर अफ एडभेन्चर टुरिजम स्टडिज’ (म्याट्स) र ‘मास्टर अफ साइन्स इन् माउन्टेन एन्ड माउन्टेनियरिङ साइन्स’ (एमएससी एमएमएस) समेत सञ्चालन गरिरहेको छ। ‘एमएससी एमएमएस’ सेकेन्ड सेमेस्टरका विद्यार्थी अनिश दाहाल भन्छन्, ‘नेपालमा माउन्टेनियरिङको अध्ययन अध्यापन एकदमै भर्जिन विषय हो। हिमालै हिमालको देश नेपालका हिमालका बारेमा अधिकांश अध्ययन अनुसन्धान विदेशीले गरिरहेका छन्। हिमाल हाम्रो भए पनि यसको ज्ञानमा हामी धेरै पछाडि रहेको बीएमएस र एमएससी एमएमएस अध्ययन गर्दा महसुस गरेको छु,’ उनले थपे, ‘यही ग्यापलाई पूरा गर्न सँगै पढेका हामी केही विद्यार्थी मिलेर एचआईटीईडी नामक कन्सल्टिङ फर्म दर्ता गरी काम गरिरहेका छौं। यो फर्मका माध्यमबाट पर्वतारोहणको अनुभव र सीप भएका तर व्यावसायिक ज्ञान न्यून भएकालाई व्यवसाय गर्न सहयोग गरिरहेका छौं।’ एकेडेमीका कार्यकारी निर्देशक अर्जुन राईले यहाँ सञ्चालन भइरहेका शैक्षिक कार्यक्रमको सबैभन्दा सबल पक्ष नै सैद्धान्तिकसँगै फिल्ड अध्ययनको व्यवस्था रहेको बताए। उनी भन्छन्, ‘विद्यार्थीलाई कल्चरर टुर, बेस क्याम्प ट्रेकिङ, ६ हजार र ७ हजार मिटरको हिमाल आरोहण लगायत माध्यमबाट व्यावहारिक ज्ञान दिलाउने गरिएको छ।’

सैद्धान्तिक र व्यावहारिक ज्ञानको संयोजनबाट पर्वतीय पर्यटनको क्षेत्रमा आवश्यक दक्ष व्यवस्थापकीय जनशक्ति उत्पादन गर्ने लक्ष्य एकेडेमीले राखेको छ। नेपालमा पर्वतारोहणमा अत्यन्त अनुभवीको बाहुल्य भएको तर उनीहरूलाई सैद्धान्तिक ज्ञान आवश्यक रहेको अवस्थामा एकेडेमीको भूमिका महत्त्वपूर्ण हुने जानकार बताउँछन्। एकेडेमीले माउन्टेनियरिङमा अध्यापन सुरु गरेपछि यहाँ अध्ययन गरेका विद्यार्थी विभिन्न एक्सपिडिसन कम्पनीको व्यवस्थापन सम्हालिरहेका छन्। पर्वतारोहणसँग सम्बन्धित व्यवसाय पूर्ण रूपमा अनुभवमा आधारित रहेर पारिवारिक व्यवसायको रूपमा सञ्चालन भइरहेको अवस्थामा सम्बन्धित विषयको औपचारिक पढाइले व्यवसायलाई नै आधुनिकीकरण गर्न मद्दत पुऱ्याउने सेभेन समिट ट्रेक्स प्रालिका मेनेजर थानेश्वर गुरागाईंले बताए। ‘एकेडेमीबाट बीएमएस गरेका अशोक नेपाललाई हेड हन्ट गरेर कम्पनीको एचआर प्रमुखको रूपमा लिएर गएको छु,’ गुरागाईंले भने, ‘मलाई विश्वास छ, यहाँ पढेका विद्यार्थीले व्यवसायलाई अगाडि लैजान धेरै सहज हुनेछ।’ विद्यार्थीमा सैद्धान्तिक र व्यावहारिक ज्ञान दुवै हुने भएकाले कम्पनीमा कर्मचारीको रूपमा लिँदा व्यवसाय सञ्चालनमा धेरै सहयोग पुगिरहेको उनको अनुभव छ।

गत अटम सिजन (शरद ऋतु)मा बीएमएस सातौं सेमेस्टरका २७ विद्यार्थीमध्ये १८ जनाले ६,१४४ मिटर अग्लो थोरङ पिकको सफल आरोहण गरे। त्यस्तै, स्प्रिङ सिजनमा ७,१२६ मिटर उचाइको हिमलुङ हिमालको समेत सफल आरोहण विद्यार्थीले गरेका थिए। विद्यार्थीले पर्वतारोहण मात्र होइन, उच्च हिमाली क्षेत्रमा गएर विभिन्न विषयमा अनुसन्धान गर्न समेत सिकिरहेका छन्। त्यसरी गएका विद्यार्थीमध्ये प्रशान्त गिरी र आभास अर्यालले आफ्नो फिल्ड अध्ययनमा आधारित भएर काठमान्डु विश्वविद्यालयको प्रकाशन क्विमिकोमा ‘रुट म्यापिङ एन्ड एनालाइसिस अफ् यालुङ री पिक, गौरीशंकर कन्जर्भेसन एरिया, नेपाल’ लेख समेत प्रकाशित गराए। स्नातक तह अध्ययन गर्दागर्दै अनुसन्धानमूलक लेख लेख्न प्रयास गर्नु विद्यार्थीको प्राज्ञिक यात्राका लागि राम्रो सुरुवात रहेको एकेडेमीको एमएससी कार्यक्रमका कोअर्डिनेटर अनिल भण्डारी बताउँछन्।

कृषि विज्ञानमा स्नातक गरेका सोलुखुम्बुका बबिन श्रेष्ठले पर्वतीय पर्यटनमा प्रचुर सम्भावना देखेर स्नातकोत्तर तहमा विषय परिवर्तन गरेका थिए। एकेडेमीको ‘म्याट्स’ पहिलो ब्याचका विद्यार्थी श्रेष्ठ पढाइ पूरा हुनेबित्तिकै एकेडेमीको बीएमएस फ्याकल्टीमा समेत आबद्ध भएका छन्। पर्वतीय पर्यटन रणनीतिक व्यवस्थापनका माध्यमबाट नेपालले पर्यटन क्षेत्रमा आशातीत रूपमा फाइदा लिन सक्ने उनको विश्वास छ। एकेडेमीका प्रमुख शिवप्रसाद जैसी भन्छन्, ‘अहिलेका नेपालका ठूला भनिने अधिकांश एक्सपिडिसन कम्पनीमा हाम्रा विद्यार्थीले काम गरिरहेका छन्। गिनिजबुक वर्ल्ड रेकर्ड होल्डर निर्मल पुर्जाको कम्पनी इलाइट एक्सपिड, पायोनियर एडभेन्चर, डके, एभरेस्ट शेर्पा, सेभेन समिट लगायत नाम चलेका एक्सपिडिसन कम्पनीहरूको व्यवस्थापन तहमा रहेर हाम्रा विद्यार्थीले काम गरिरहेका छन्।’



एकेडेमीले नेपालको आवश्यकतालाई मध्यनजर गरी पाठ्यक्रम तय गरेको छ। बीएमएसमा ‘ट्रेकिङ एन्ड पिक क्लाइम्बिङ म्यानेजमेन्ट’, ‘सेफ्टी एन्ड सेकुरिटी अपरेसन्स’, ‘माउन्टेन सेफ्टी प्रोटोकल्स’, ‘माउन्टेनियरिङ प्लानिङ हाई अल्टिच्युड हस्पिटालिटी’ लगायत विषय पढाइन्छ। त्यस्तै, म्याट्समा ‘इ-टुरिजम’, ‘एडभेन्चर’, ‘टुरिजम अपरेसन्स एन्ड म्यानेजमेन्ट’, ‘डेस्टिनेसन्स प्लानिङ’, ‘डेभलपमेन्ट एन्ड म्यानेजमेन्ट’, ‘सस्टेनेबल माउन्टेन टुरिजम डेभेलप्मेन्ट’, ‘स्ट्राटेजिक टुरिजम म्यानेजमेन्ट’ लगायत विषय पढाइन्छ। पर्वतीय विज्ञानको क्षेत्रमा आवश्यक प्राज्ञिक अनुसन्धानकर्ता उत्पादन गर्न गत वर्षबाट मात्र एकेडेमीले एमएससी कार्यक्रम सुरु गरेको हो। एमएससीमा विद्यार्थीलाई ‘जीआईएस एन्ड रिमोट सेन्सिङ’, ‘ग्लेसियल जियोमोर्फोलोजी’, ‘डाइनामिक्स अफ् स्नो’, ‘आइस एन्ड ग्लेसियर’ लगायत विषय पढाइन्छ। एमएससीलाई अझ बढी प्रयोगात्मक बनाउन अन्तिम वर्ष पूर्ण रूपमा फिल्ड वर्क गर्नुपर्ने गरी पाठ्यक्रम तयार गरिएको छ। साभार:रातोपाटी











## सर्लाहीको हरिवनमा कृषि वन परियोजना अभिमुखिकरण गोष्ठी सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, २१ मंसिर**

नदी उकास जमीनको पुनस्थापनाका लागि हरिवनमा अभिमुखिकरण गोष्ठी सम्पन्न भएको छ। सर्लाहीको हरिवनमा रहेको ग्रामीण स्वयंसेवक समाज हरिवनको आयोजना तथा हरिवन नगरपालिकाको साझेदारीमा नदी उकास भूमिको पुनस्थापनाका लागि कृषि वन परियोजना अभिमुखिकरण गोष्ठी सम्पन्न भएको कृषि प्राविधिक सुरज खनालले जानकारी दिए।



उनका अनुसार युएनडिपी नेपालको आर्थिक सहयोगमा हरिवन नगरपालिकाका साझेदारिमा विभिन्न वडाहरुमा कृषि वन परियोजना कार्यक्रम सञ्चालन भई रहेको छ। कृषि वन परियोजना कार्यक्रमलाई थप व्यवस्थीत गर्दै दिगो रुपमा अगाडि बढाउने विषयमा अभिमुखिकरण गोष्ठी सम्पन्न भएको हो। हरिवन नगर पालीका भित्र रहेको नदी उकास र खेर गएको जमिनमा स्थानीय गरिब विपन्न नागरिकहरुले समुह बनाएर तरकारी तथा फलफूल उत्पादन गरि रहेका छन्। हरिवन नगरपालिकाका साझेदारि युएनडिपी नेपालको आर्थिक सहयोगमा हरिवन नगरपालिकाका ३, ४ र ५ वडाहरुमा कृषि वन परियोजना मार्फत हरिवनका गरिब विपन्न नागरिकहरुको जीविकोपार्जनका लागी काम गरि रहेका युएनडिपी नेपालले जनाएको छ। ग्रामिण स्वयंसेवक समाजको सभा हलमा भएको अभिमुखिकरण गोष्ठीमा ग्रामिण स्वयंसेवक समाज हरिवनका अध्यक्ष दधिराम पौडेल, हरिवन नगर पालिकाका प्रमुख रमेश बुढाथोकी, हरिवन नगरपालिकाका उप प्रमुख हरि माया घलान, वडा अध्यक्षहरु, विभिन्न राजनितीक दलका प्रतिनिधिहरु, ग्रामिण स्वयंसेवक समाज हरिवनका सदस्यहरु, समाज कल्याण कृषि वन सामुदायिक समूह, लालिगुराँस कृषि वन सामुदायिक समुह, मोहनपुर कृषि समुह र समृद्धि कृषि वन सामुदायिक समुहका पदाधिकारीहरु एवम्

*बांकी पृष्ठ २*

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday